क्षेत्रीय अखबार

# पश्चिम नेपाल

-वर्ष: २०, अङ्क: ६९, २०८२ भदौ ६ गते शुक्रबार (22 Aug., 2025) -मूल्य: रु. ५।-, -पृष्ठ ४

सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका

दैनिक

रमाईलो® तपाईंको स्वास्थ्यको साथी

मैदा

बेकरी, म:म: र नुडल्स को लागी नं.१

RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali

9801700061/ 9801700011

# लिपुलेकमा चीन-भारत सहमतिविरुद्ध संसद्का सबै दल एकमत, प्रतिवाद गर्न प्रधानमन्त्रीलाई सुझाव

**-पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौ, ५ भदौ**

दुई छिमेकी देश भारत र चीनले नेपाली भूभाग लिपुलेकमा व्यापार नाका सञ्चालन गर्ने सहमति गरेको विषयमा सत्तापक्ष र प्रतिपक्ष दलले एक स्वरमा विरोध गरेका छन्। बिहीबारको प्रतिनिधि सभाको बैठकमा सत्तापक्ष र प्रतिपक्षी सांसदहरूले लिपुलेक, लिम्पियाधुरा र कालापनीको विषयमा भारत-चीनले गरेको सम्झौताको विरोधमा सांसदहरू एक स्वरमा सुनिएका हुन् ।

बिहीबारको बैठकमा सत्तारुढ दल नेकपा एमालेका मुख्य सचेतक महेश बर्तौलाले दुई ठूला देशले नेपालकै भूमि प्रयोग गर्दा नेपाललाई सहमति र स्वीकृति आवश्यक नठानेको भन्दै विरोध जनाए । उनले भूगोल, अर्थतन्त्र र जनसंख्याको आधारमा नेपाल सानो भए पनि स्वाधीनता र सार्वभौमिकताका हिसाबले नेपाल उनीहरू जत्तिकै रहेको पनि बताए ।

'एमाले संसदीय दल उक्त सहमतिको विरोध गर्छ, असहमति जाहेर गर्छ,' उनले भने, 'हाम्रो देशको स्वतन्त्रता, स्वाधीनता र सार्वभौमिकतामाथि काहिँ कतैबाट आघात पुग्ने काम कतैबाट हुन्छ भने त्यसको प्रतिवाद गर्छौं, सशक्त विरोध गर्छौं ।' बर्तौलाले सरकारको तर्फबाट परराष्ट्र मन्त्रालयले आफ्नो धारणा सार्वजनिक गरिसकेको र यसलाई कूटनीतिक माध्यमबाट सम्बोधन गर्नुपर्ने बताए ।

त्यस्तै सत्तारुढ दल नेपाली कांग्रेसका महामन्त्रीसमेत रहेका सांसद गगनकुमार थापाले भारत र चीनले नेपालाई बेवास्ता गर्दै लिपुलेक पास भएर व्यापार सञ्चालन गर्नेगरि गरेको सहमतिप्रति आफ्नो पार्टीको गम्भीर असहमति रहेको बताए। उनले यो आपत्तिजनक र अस्वीकार्य रहेको समेत उल्लेख गरे । 'हाम्रा दुई छिमेकी भारत र चीनले हाम्रो भूमिका बारेमा हाम्रो अनुपस्थितिमा एउटा सम्झौता गरेको हामीहरूले पढ्यौं, सुन्यौं, जान्यौं,' थापाले भने, 'नेपाली कांग्रेस पार्टी हाम्रा यी दुई छिमेकीले गरेको व्यहारप्रति गम्भीर असहमति प्रकट गर्दछ । यो आपत्तिजनक छ । अस्वीकार्य छ ।'

उनले नेपाली भूमि लिपुलेकबारे भारत र चीनले गरेको सम्झौतामा सरकारले अघि बढाएको पहलकदमीमा सबैलाई समेटेर अघि बढ्न पनि आग्रह गरे । 'नेपाल सरकारले यसका बारेमा जुन पहलकदमी अगाडि बढाएको छ, सबैलाई समेटेर अगाडि बढाओस्,' थापाले भने, 'नेपाल सरकारले यसका सन्दर्भमा जुन पहलकदमी अगाडि बढाएको छ, सबैलाई समेटेर अगाडि बढाओस् ।'

यो विषयमा पहिले पनि सबै राजनीतिक दल एक ठाउँमा उभिएको र अहिले पनि उभिनुपर्ने भन्दै उनले यसलाई कसैले पनि घरेलु राजनीतिको विषय बनाउन नहुनेमा जोड दिए ।

'यो विषयमा नेपालका सबै राजनीतिक दलहरू एक ठाउँमा आएर उभिनुपर्छ, हिजो पनि उभियौं, आज पनि हामी उभिनुपर्ने छ,' थापाले भने, 'हाम्रा मत-मतान्तर आफ्ना ठाउँमा छन्। हाम्रा प्रतिस्पर्धा आफ्ना ठाउँमा छन्। हामी कोही पनि यो विषयलाई घरेलु राजनीतिको विषय नबनाऊँ ।'

सबै राजनीतिक दल एकै ठाउँमा उभिएर दुवै देशलाई आफ्नो भूमिमाथि आँखा लगाउने कुरा स्वीकार्य नहुने सन्देश दिनुपर्ने समेत उनको मत छ। 'यो विषयमा भारत र चीन दुइवटैलाई नेपालका राजनीतिक दलहरूले एक ठाउँमा उभिएर एक ढिक्का भएर एउटै सन्देश दिनुपर्ने छ-हाम्रो भूमिमाथि आँखा लगाउने कुरा हामी कसैलाई पनि स्वीकार्य छैन । नेपालले यसको प्रतिवाद गर्छ,' थापाले भने। भारत-चीन सहमतिबारे बोल्यो सरकार- लिपुलेक नेपालको अभिन्न भूभाग प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले चीन-भारतले नेपाललाई जानकारी नै नदिई लिपुलेक नाकाबाट व्यापार खोल्ने सहमति गरेकोप्रति आफ्नो दलको गम्भीर ध्यानाकर्षण भएको बताए ।

'हाम्रो संविधानमा उल्लेख गरेको भूमि लिपुलेक, कालापानी, लिम्पियाधुराबारे हाम्रो देशलाई जानकारीसमेत नदिई गरिएको भनिएको यो सहमतिमा आपत्ति छ, विरोध गर्छौं,' उनले भने, 'सरकारको मुख्य कामभित्र पर्ने राष्ट्रिय सार्वभौमिकता र अखण्डताको रक्षाको यस प्रकारको काममा दह्रोसँग उभिन, आवश्यक प्रभावकारी कूटनीतिक पहल अगाडि बढाउन, नेपालको सार्वभौमसत्ता एवं हितको पक्षमा दुवै छिमेकी मित्रराष्ट्रहरूसँग आवश्यक प्रभावकारी, कूटनीतिक र राजनीतिक पहल अगाडि बढाउन सदनको प्रमुख विपक्षी दलको तर्फबाट हामी सरकारलाई आग्रह गर्छौं ।'

पाण्डेले राष्ट्रिय एकताको सवालमा सभामुखले सदनलाई जानकारी गराउँदै सार्वभौमिकता तथा अखण्डताको रक्षा गर्न, नेपालको हितको पक्षमा एक जुट हुन नेपाली जनतालाई एक हुन आग्रह गर्न पनि माग गरे ।

त्यस्तै नेकपा एमालेकै सांसद ठाकुर गैरेले पनि दुई देशको उक्त समझदारी आपत्तिजनक भएको बताए । 'हामीले पेस गरेको तथ्य, प्रमाण र दस्तावेजले कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालको हो भन्ने पुष्टि गर्छ,' उनले भने, 'दुई देशबीच भएको उच्चस्तरीय समितिको प्रतिवेदन नबुझ्ने , त्यसका लागि छलफल गर्न तयार नहुने अनि एकतर्फी तिमीहरूको दाबी पुग्दैन भन्ने गलत अभिव्यक्ति हुन्। नेपाल मान्न तयार छैन ।'

उनले प्रधानमन्त्रीको चीन र भारत भ्रमणको कुरा चलिरहँदा यसखाले समझदारी हुनु आपत्तिजनक भएको र यसको प्रतिवाद गर्नुपर्ने बताए । नेकपा एकीकृत समाजवादीका सांसद प्रकाश ज्वालाले दुई देशको सम्झौता आपत्तिजनक भएको भन्दै खेद व्यक्त गरे ।

'नेपाललाई कुनै जानकारी नै नदिई भारत-चीनले एकतर्फी सौदाबाजी गरेका छन् । हाम्रो दलको तर्फबाट खेद प्रकट गर्दछौं,' उनले भने, 'यो मिचाहा र हेपाहा प्रवृत्ति भएन र ? महाकाली नदीपूर्वका कालापानी र लिम्पियाधुरा नेपाली भूभाग हुन्। हामीसँग लालपुर्जा छन्। यस विषयमा सरकारले कूटनीतिक तबरले कुरा गरोस् ।' उनले भारत र चीन यो समझदारीको अवस्थामा पुगिसक्दा पनि सरकारी तवरले कुनै जानकारी नपाउनु दुःखद् भएको बताए । नेकपा एमालेका सांसद गोकुल बाँस्कोटाले दुई ठूला दलले नेपालमा परेड खेलेको भन्दै नेपालले आफ्नो कुरा क्लियर गर्नुपर्ने बताए । 'दुईवटा ठूला (भारत-चीन) मिले, नेपालको बगैंचामा परेड खेले। उनीहरूले आफ्नो कुरा क्लियर गरे । हामीले पनि आफ्नो कुरा क्लियर गरेर उनीहरूलाई मनाउनुपर्छ,' बाँस्कोटाले भने ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद शिव नेपालीले लिपुलेक र कालापानीको भूभाग छिमेकी देशले प्रयोग गर्ने समझदारी भएको जानकारीबारे सरकारले तत्काल कूटनीतिक तबरले कुराकानी गर्नुपर्ने बताए ।

'लिपुलेक र कालापानीको भूभाग छिमेकी देशहरूले प्रयोग गर्ने भन्ने विषय आमसञ्चार माध्यममा आएको छ,' उनले भने, 'नेपालको भूभागको संरक्षण गर्ने नेपाल सरकारले यथाशीघ्र पहल गर्ने छ भन्ने आशा र विश्वास हामीले लिएका छौं ।' नेकपा माओवादी केन्द्रकी सांसद छिरिङ ल्हामु लामा तामाङले प्रधानमन्त्रीको अघिल्लो कार्यकालको समयमा चुच्चे नक्सा जारी गरेको र अहिले त्यसको ब्याज खाइरहेको आरोप लगाइन् ।

उनले प्रधानमन्त्री साँच्चिकै राष्ट्रवाद हो भने आफैंले जारी गरेको चुच्चे नक्सालाई अपमान हुने गरी भारत र चीनले गरेको सम्झौताप्रति आपत्ति जनाउँदै अब हुने भनिएको भारत र चीन भ्रमण स्थगित गर्न पनि आग्रह गरिन् ।

'हाम्रो प्रधानमन्त्री केपी ओलीले अघिल्लो कार्यकालमा चुच्चे नक्सा जारी गर्नुभयो। अहिलेसम्म यही प्रचार गरी जनमतको ब्याज लिइराख्नु भएको छ,' उनले भनिन्, 'यदि साँच्चिकै राष्ट्रवादी हो भने उहाँकै पालामा जारी भएको चुच्चे नक्साको घोर अपमान हुने गरी चीन-भारतले गरेको सम्झौता गरेका छन्। यस्तो अवस्थामा प्रधानमन्त्री भारत र चीन भ्रमणमा जान लाग्नुभएको छ । यो अपमानजनक सम्झौताको साक्षी बन्न हाम्रो प्रधानमन्त्री भारत र चीन जान लाग्नुभएको हो त ?' प्रधानमन्त्रीको राष्ट्रवादमा आशंका व्यक्त गर्दै उनले थपिन्, 'यदि प्रधानमन्त्रीले अघिल्लो कार्यकालमा प्रचार गरेजस्तै हो भने यही कारणले भारत र चीनको भ्रमण स्थगित गर्न आग्रह गर्दछु। होइन भने प्रधानमन्त्रीको नक्कली र खोक्रो राष्ट्रवाद उदांगो हुने अवस्था आएन र ?'

नेमकिपाका सांसद प्रेम सुवालले भारतले १९५४ बाटै व्यापार गरेको भन्ने दाबी औचित्यहीन भएको बताए । उनले यस विषयमा नेपाल सरकारकै कमजोरी पनि औंल्याएका छन्। सरकारले नेपालको चुच्चे नक्सा संयुक्त राष्ट्रसंघलाई जानकारी गराएको-नगराएको विषय प्रश्न सोधे । संयुक्त राष्ट्र संघलाई नेपालको चुच्चे नक्साबारे जानकारी नगराउनु आजसम्मका प्रधानमन्त्री र परराष्ट्रमन्त्रीको कमजोरी हो कि होइन भनेर पनि उनले प्रश्न उठाए ।

उनले प्रधानमन्त्रीलाई भारत भ्रमणको निम्तो आएको विषयमा पनि प्रश्न गरे । 'प्रधानमन्त्रीलाई भारत भ्रमणको निम्तो आएको छ । लिपुलेक भारतको भनी सही छाप गराउन र लिम्पिया धुरासम्मको नेपालको नक्सा खारेज गराउन निम्ता गरिएको हो कि ?' उनको प्रश्न थियो ।

त्यस्तै सांसदहरू पूर्णबहादुर घर्ती, ईश्वरबहादुर रिजाल, ईश्वरी न्यौपाने, देवेन्द्र पौडेललगायतले यस विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए ।

परराष्ट्र मन्त्रालयले बुधबार साँझ लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग रहेको र भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण, विस्तार, सीमा व्यापारजस्ता कुनै पनि क्रियाकलाप नगर्न आग्रह गर्दै आएको जनाएको थियो ।

नेपाली भूमि लिपुलेक हुँदै भारत-चीनबीच सीमा व्यापारका विषयमा मिडियाबाट सोधिएका प्रश्नका सम्बन्धमा परराष्ट्र प्रवक्ताको जवाफ भन्दै मन्त्रालयले जारी गरेको तीनबुँदे वक्तव्यमा नेपालको आधिकारिक नक्सा समावेश भइसकेको क्षेत्रबारे भारत र चीन दुवै देशलाई जानकारी गराइसकेको पनि उल्लेख गरेको छ । 'नेपालको संविधानमा नेपालको आधिकारिक नक्सा समावेश भइसकेको र उक्त नक्सामा महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग रहेको तथ्यमा नेपाल सरकार स्पष्ट छ,' मन्त्रालयले पहिलो बुँदामा लेखेको छ ।

त्यस्तै दोस्रो बुँदामा नेपालको अडान स्पष्ट पार्दै भनिएको छ, 'नेपाल सरकारले भारत सरकार लाई उक्त क्षेत्रमा सडक निर्माण/विस्तार, सीमा व्यापार जस्ता कुनै पनि क्रियाकलाप नगर्न आग्रह गर्दै आएको व्यहोरा पनि विदितै छ । उक्त क्षेत्र नेपाली भू-भाग रहेको विषय मित्रराष्ट्र चीनलाई समेत जानकारी गराइसकिएको बेहोरा पनि अवगत नै छ ।'

तेस्रो बुँदामा नेपालले कूटनीतिक माध्यमबाट यस मुद्दामा समाधान खोज्न तयार रहेको पनि स्पष्ट पारेको छ । 'नेपाल-भारतबीच रही आएको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको मर्म र भावनाअनुसार ऐतिहासिक सन्धि-सम्झौता, तथ्य, नक्सा र प्रमाणको आधारमा दुवै देशबीचको सीमा समस्या कूटनीतिक माध्यमबाट समाधान गर्न नेपाल सरकार प्रतिबद्ध रहिआएको छ,' वक्तव्यमा लेखिएको छ ।

त्यस्तै भारतले उक्त वक्तव्यको जवाफ दिने शैलीमा ती भू-भाग भारतकै भएको भन्दै विज्ञप्ति जारी गरेको छ । बुधबार साँझ नै भारतले जारी गरेको वक्तव्यमा भनिएको छ, 'भू-भागसम्बन्धी दाबीहरू न त उचित छन् न त ऐतिहासिक तथ्य र प्रमाणमा आधारित छन् ।

कुनै पनि एकपक्षीय ढंगले कृत्रिम रूपमा दाबी गर्नु अस्वीकार्य छ। नेपालसँग सहमति भएका बाँकी सीमासम्बन्धी मुद्दाहरू समाधान गर्न भारत संवाद र कूटनीतिक बाटोप्रति सधैँ खुला रहन्छ ।'






## कूटनीतिक नोट पठाइसक्यौं, प्रधानमन्त्रीको भ्रमण रोक्ने कुरै छैन: एमाले महासचिव पोखरेल



**काठमाण्डौं** : सत्तारुढ नेकपा (एमाले) का महासचिव शंकर पोखरेलले लिपुलेक हुँदै दुई देशबीच व्यापार गर्ने भारत र चीनको सहमति बारे सरकारले कूटनीतिक नोट पठाएर असहमति जाहेर गरेको बताएका छन्। बर्दिवासमा बिहीबार प्रेस चौतारी, महोत्तरीले आयोजना गरेको पत्रकार सम्मेलनमा उनले अब यसमा दुवै मित्रराष्ट्रले तार्किक निष्कर्ष दिनुपर्ने बताए ।

त्यस्तै पोखरेलले नेपालले तथ्यमा टेकेर महाकालीवारिको भूभाग समेटिएको नक्सा बनाएका बनाएको समेत उल्लेख गरे। उनले भने, 'हामीले तथ्य र सत्यमा टेकेर महाकालीवारिको भूभाग समेटिएको नक्सा बनाएका हौं, यो सन् १८१६ को सुगौली सन्धि अनुरुप छ ।'

दुवै छिमेकी मित्रराष्ट्रले पछिल्लो सहमतिमा नेपाललाई नखोजे पनि चीन र भारतमा हुने प्रधानमन्त्री केपी शर्मा ओलीको सद्भावना भ्रमण आफूहरुको कारणले नरोकिने महासचिव पोखरेलले स्पष्ट पारे ।

'हामी आपसी संवाद र छलफलबाट प्रत्येक समस्याको छिनोफनो चाहन्छौं, यस्तो संवादको अवसर सद्भावना भ्रमणमै पाइने हो', उनले भने, 'तसर्थ नेपालको तर्फबाट यो भ्रमण रोक्ने त कुरै छैन ।' लिपुलेक प्रकरणमा नेपालको परराष्ट्र मन्त्रालयले चीन र भारतलाई कूटनीतिक नोट पठाएर आफ्नो असहमति स्पष्ट गरीसकेको उल्लेख गर्दै महासचिव पोखरेलले यसमा अब दुवै मित्रराष्ट्रले तार्किक निष्कर्ष दिनुपर्ने बताए ।

फरक प्रसंगमा महासचिव पोखरेलले राजनीतिक स्थायित्व र समृद्धि नै आफ्नो दलको मुख्य ध्येय भएको बताए । अहिले पार्टी गतिविधि यसै ध्येयमा केन्द्रित रहेको उनले स्पष्ट पारे ।

'हामी पार्टीको दोस्रो विधान महाधिवेशनको तयारीमा छौं, यस महाधिवेशनबाट नीति र विधिका माध्यमले आफ्नो दललाई बलियो राष्ट्रिय शक्ति बनाउने सन्देश प्रवाह हुनेछ,' पाखरेलले भने । एमालेले नै मुलुकमा केही गर्छ भन्ने आमजनतामा बनेको भरोसालाई आगामी निर्वाचनमा बहुमतको सरकार बनाएर चरितार्थ गरिने उनले जिकिर गरे ।

अहिले सरकार बनेदेखि आर्थिक सुधारका सूचक देखिएको उल्लेख गर्दै महासचिव पोखरेलले पछिल्लो एक वर्षको अवधिमा राजस्व वृद्धि, निर्यात वृद्धि र पुँजीगत खर्च वृद्धि भएर आर्थिक सुधार बढेको बताए । 'अब संघीयता कार्यान्वयनका दिशामा बन्न बाँकी कानुनमा सरकार केन्द्रित हुनपर्छ', उनले भने ।

नेपाली कांग्रेस र नेकपा एमालेबीच वर्तमान सरकार गठनका बेला बनेको सम्बिधान संशोधनको सहमति कार्यान्वयनमा जाने महासचिव पोखरेलको भनाइ थियो ।

'अहिले राष्ट्रियसभामा सत्ता साझेदार दलको बलियो उपस्थिति छैन, अब यसै वर्षभित्र हुने राष्ट्रियसभा निर्वाचनमा बलियो उपस्थिति बन्ने अवस्था छ । त्यसलगत्तै संविधान संशोधनको विषयमा प्रवेश गरिने छ', पत्रकारहरुको जिज्ञासामा उनले स्पष्ट पारे ।

Marching towards Perfection

# MORNING GLORY SECONDARY SCHOOL

## ADMISSION OPEN FOR GRADE XI-2082



SMART TECHNOLOGY | DYNAMIC TEAM WORK | BEST QUALITY EDUCATION | CREATIVE LEARNING | ADVANCED PROGRAM



Our Features:
- Innovative Teaching Methods
- Multimedia Classes
- Free Extra Classes Throughout the year
- Educational Excursion Programs
- Orientation of MBBS, Engineering, CA
- Experienced Teachers
- Updated Laboratories



SCIENCE | MANAGEMENT | LAW

Bheemdatt Municipality-18, Janakitole, Kanchanpur
+977 99 520666, 524772
morningglory.edu.np
glorymng30@gmail.com

---

# सुदूरपश्चिम विश्वविद्यालय

केन्द्रीय क्याम्पस

# शिक्षाशास्त्र केन्द्रीय विभाग

महेन्द्रनगर, कञ्चनपुर

## स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धमा

मिति २०८२/०४/२०

सुदूरपश्चिम विश्वविद्यालय, केन्द्रीय क्याम्पस, शिक्षाशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर, कंचनपुरमा संचालित स्नातक तह वि.एड. कार्यक्रममा सेमेस्टर प्रणाली अन्तर्गत शैक्षिक सत्र २०८२/०८३ का लागि नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, गणित शिक्षा र वि.एड. CSIT विषयमा नयाँ विद्यार्थी भर्ना कार्यक्रम तपसिल अनुसार रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ।

तपसिलः

| क्र.सं | विवरण | मिति |
|---|---|---|
| १. | प्रवेश परीक्षा आवेदन फाराम वितरण | २०८२ श्रावण २० गतेदेखि २०८२ भाद्र २६ गते सम्म |
| २ | प्रवेश परीक्षा संचालन | २०८२ भाद्र २८ गते दिउसो १:०० बजेदेखि |
| ३ | प्रवेश परीक्षाको नतिजा प्रकासन | २०८२ भाद्र ३१ गते |
| ४ | विद्यार्थी भर्ना कार्यक्रम | २०८२ साल असोज १ गते देखि कार्तिक १३ गतेसम्म |
| ५ | कक्षा संचालन | २०८२ कार्तिक १६ गतेदेखि |

नोटः
- B.Ed. CSIT कार्यक्रममा सिट संख्या ५० जना मात्र।
- फारम शुल्कः रु १०००/- (नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा र गणित शिक्षा)
- फारम शुल्कः रु १५००/- (वि.एड. CSIT)
- नेपाल बैंक लिमिटेडको खाता नं. 15600106675982000001 मा जम्मा गर्नु पर्नेछ।

आवश्यक प्रमाणपत्रहरुः
- SLC.SEE / HSEB/NEB उत्तिर्ण गरेका शैक्षिक प्रमाणपत्रहरुको (Marksheet (१० र ११) Transcript, Transfer, Character र Provisional Certificate) को प्रमाणित प्रतिलीपिहरुको १ सेट।
- हालसालै खिचेको फोटो २ प्रति
- स्नातक तहको प्रवेश परीक्षामा सामेल हुनका लागि Transcript मा B.Ed. CSIT अध्ययनको लागि CGPA १.८ वा ४५ प्रतिसत भन्दा माथि र अन्य विषयको लागि CGPA १.६ वा ४० प्रतिसत भन्दा माथि भएको हुनु पर्नेछ।

विभागीय प्रमुख

---

# छानको बालुवा र गिट्टी चाहिएमा।



यस सिद्धनाथ उदयदेव अनमोल क्रसर उधोगले अत्याधुनिक प्रविधियुक्त मेसिन बाट प्रशोधित उच्चस्तरिय महाकाली नदीको गिट्टी बालुवा, जीरा अब बजार रेट भन्दा सस्तो सर्वसुलभ गुणस्तरीय उत्पादन सुरु भएको जानकारी गराउँदछौं। साथै एकपटक सेवाको मौका दिनुहोस।

हाम्रा उत्पादनहरुः
बेस 40 m.m, 20 m.m. Down, 12 m.m. Down, 6m.m. जीरा, 15 m.m. Natural

## सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योग

वेदकोट-९, सुन्दरपुर, कञ्चनपुर
सम्पर्क नं. ९८५११४०६३६, ९८५१०१८०७८, ९८५८७५००९८, ९८४८८७८६७७

---

# आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टरमा सबै सुविधा

## डा. भावेश

M.B.B.S.,M.D.(Medicine)
Physician Fellowship in Echocardiology Fellowship in Diabetes & Endrocrinologyu,
(जनरल मेडिसिन) हृदय, श्वास एवं सुगर रोग विशेषज्ञ



**प्रत्येक दिन**

## डा. कुलदिप MBBS, MS (Surgery)


(जनरल एवं ल्याप्रोस्कोपि सर्जन)



**प्रत्येक दिन**

## डा. अभिनव कुमार कटियार

M.B.B.S., D.D.V.L
( डर्मेटोलोजी)
छाला, रसौं, नङ, मुहासे, झाईया, सेतो दाग, कन्सलटेन्ट डर्मेटोलोजिष्ट एण्ड ट्राइकोलोजिष्ट रौं ट्रान्सप्लान्ट सर्जन एवं चर्म रोग, कुष्ठ एवं गुप्त रोग विशेषज्ञ



**प्रत्येक मंगलबार**

**सुविधाहरुः** I.C.U. प्याथोलोजी, ई.सी.जी., डिजिटल एक्स-रे, सी-आर्म, नेबुलाईजर, कार्डियक मोनिटर, बाईपेप,सी.पेप,भेन्टिलेटर, क्यान्टिन र बिरामी भर्ना सुविधा तथा औषधीहरु आदि।

**आयुष्मान, टी.पी.ए., ई.एस.आई. कार्ड धारको र** Assam Rifles, CISF, CRPF, ITBP, NSG, RPF, SSB, SFF, SPG, RAF का जवान र उनका परिवारको कैशलेस उपचारको सुविधा।

**लुटपाटको कुनै पनि डर नभएको र हाम्रो यहाँ नेपाली रूपैया पनि स्वीकार गरिन्छ।**

**चौबिसै घण्टा इमरजेन्सी सुविधा**

## सम्पर्क स्थानः आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टर

सितारगञ्ज रोड खटिमा, ०५९४३-२५२७००, २५१४८५, ९६७५५३३३३३, ९४१०३४०५८५

## लाईफ केयर प्याथोलोजी अब विशेषज्ञ चिकित्सक समूहको साथमा विशेषज्ञ सेवा

लाईफ केयर प्याथोलोजी द्वारा विशेषज्ञ चिकित्सक समुह को साथमा विशेषज्ञ सेवाका साथ लाईफ केयर क्लिनिक खुलेकै जानकारी गराउँदछौं ।

**डा. केशव भट्ट**
MBBS, MS Orthopedics
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. शक्ति नृसिंह यादव**
MBBS, MD (Pediatric)
वरिष्ठ नवजात तथा बालरोग विशेषज्ञ

**डा. प्रशान्त भट्ट**
MBBS, MS (ENT)
नाक, कान, घाटी तथा थाइरोइड रोग विशेषज्ञ

**डा. शोमनाथ भण्डारी**
MBBS, MD/MS (Obs,Gyne)
वरिष्ठ महिला तथा प्रशुति रोग विशेषज्ञ

**डा. निर्मल अमर सिंह थापा**
MBBS, MS (General Surgeon)
हाइड्रोशिल, हर्निया, बाबाशिर, पेट रोग विशेषज्ञ

# लाईफ केयर क्लिनिक

099-590232, 9828052023, 9858650360, 9848723066 /lifecarepath

---

जनज्योति बहुमुखी क्याम्पस महेन्द्रनगर, कञ्चनपुर



## नयाँ विद्यार्थी भर्ना सम्बन्धि सूचना

त्रि.वि.बाट सम्बन्धन प्राप्त सुदूरपश्चिमको अग्रणी शैक्षिक संस्था यस **जनज्योति बहुमुखी क्याम्पस महेन्द्रनगर कञ्चनपुरमा स्नातक तह प्रथम वर्ष /सेमेष्टर र कक्षा ११ मा शैक्षिक** सत्र २०८२/०८३ का लागि तपशिलका विषयमा अंग्रेजी र नेपाली दुबै माध्यममा भर्ना खुलेको व्यहोरा सहर्ष जानकारी गराइन्छ ।

**तपशिल**

Management 4 years
- Finance
- Accountancy
- Management

Humanities (B.A)
- English
- Rural Devlopment
- Sociology and Anthropology
- Nepali
- Economics
- Social work
- BCA It related subject

Education (B.Ed) 4 years
- English Education
- Nepali Education
- Health Education
- Education (Nepali, Math, English)
- Arts (Law)
- Management (Business and Computer)

**हाम्रा विशेषताहरु**
- अंग्रेजी र नेपाली दुबै माध्यममा पठनपाठन
- विद्यालय तहदेखि स्नातकोत्तर तहसम्म पढाई हुने सुदूरपश्चिमको विशाल शैक्षिक संस्था
- त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कोर्षहरु पढाईने
- न्यूनतम शुल्कमा गुणस्तरीय अध्ययन
- जेहेन्दार विद्यार्थीलाई छात्रबृत्तिको व्यवस्था
- विद्यार्थी केन्द्रित सिकाई प्रणाली

**भर्ना कार्यक्रम**

BBS & B.Edm
**फाराम वितरण र भर्ना** : साउन २३ देखि भदौ १५ गतेसम्म
**कक्षा सञ्चालन** : भदौ १८ गतेदेखि
**कक्षा समय** : बिहान ६ बजेदेखि १०:४५ बजेसम्म
**भर्ना कार्यक्रम** BCA
फाराम वितरण तथा Online Entry भदौ १५ गतेसम्म
**प्रवेश परीक्षा** : भदौ २८ गते
**कक्षा सञ्चालन** : असोज २ गते बिहान ६:१५ बजेदेखि १०:४५ बजेसम्म



*विस्तृत जानकारीका लागि सम्पर्क*

## जनज्योति बहुमुखी क्याम्पस

भाँसी कञ्चनपुर, फोन नं. ०९९-४१८१३१,९८५८७७५०८५, ९८५८७७५०९६, ९८५८७७५०८३

---

# सुदूरपश्चिम विश्वविद्यालय
## केन्द्रीय कार्यालय
### महेन्द्रनगर, कञ्चनपुर

## स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धी सूचना ।

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०४/१५)

सुदूरपश्चिम विश्वविद्यालयका विभिन्न सङ्कायतर्फ सेमेस्टर प्रणालीमा आधारित स्नातक तहका निम्न अनुसारका शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र २०८२/८३ का लागि विद्यार्थी भर्नाको कार्यक्रम निम्नानुसार रहेको बेहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<table>
<tr><th>सङ्कायहरू</th><th>शैक्षिक कार्यक्रमहरू</th><th>प्रवेश परीक्षा तथा भर्ना कार्यक्रम</th></tr>
<tr><td>मानविकी तथा सामाजिक शास्त्र</td><td>B.A., BCA</td><td rowspan="8">१. प्रवेश परीक्षा आवेदन फारम वितरणः २०८२ साउन तेस्रो हप्तादेखि<br>२. प्रवेश परीक्षा सञ्चालनः २०८२ भदौ तेस्रो हप्तादेखि (सम्बन्धित डीन कार्यालयद्वारा तोकिएको मिति अनुसार) ।<br>३. विद्यार्थी भर्ना कार्यक्रमः २०८२ भाद्र तेस्रो हप्तादेखि (सम्बन्धित डीन कार्यालयद्वारा तोकिएको मिति अनुसार) ।<br>४. पठनपाठन प्रारम्भः २०८२ कात्तिक तेस्रो हप्तादेखि ।<br>५. सत्रान्त परीक्षाः २०८२ चैत दोस्रो हप्ता<br>६. नतिजा प्रकाशन क्रमशः २०८३ जेठ महिनाभित्र</td></tr>
<tr><td>व्यवस्थापन</td><td>BBA, BBS / BHM</td></tr>
<tr><td>शिक्षाशास्त्र</td><td>B.Ed./B.Ed. CSIT</td></tr>
<tr><td>विज्ञान तथा प्रविधि</td><td>B.Sc./B.Sc. CSIT, BIT</td></tr>
<tr><td>इन्जिनियरिङ</td><td>B.E. Civil, B.E. Computer/B.Arch.</td></tr>
<tr><td>कानून</td><td>B.A. LL.B</td></tr>
<tr><td>कृषि विज्ञान</td><td>B.Sc. Ag.</td></tr>
<tr><td>प्राकृतिक स्रोत व्यवस्थापन</td><td>B.Sc. Forestry</td></tr>
</table>

स्वास्थ्य विज्ञान सङ्काय तर्फको भर्ना कार्यक्रम चिकित्सा शिक्षा आयोगको सूचना अनुसार हुनेछ । अन्य विस्तृत जानकारीका लागि सम्बन्धित डीन कार्यालय/केन्द्रीय विभाग/क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ ।

रजिस्ट्रार

## उत्तराखण्ड बाढी : बेपत्ता नभेटिएपछि फर्किन थाले आफन्त, भन्छन्,

# ‘भेटिने आश छैन, घर फर्केर किरिया गर्छौं’



**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ५ भदौ**

भारत उत्तराखण्डको उत्तरकाशी जिल्लाको हर्षिल क्षेत्रको धरालीमा दुई साताअघि आएको बाढीमा बेपत्ता भएका नेपालीहरूका आफन्त घर फर्किन थालेका छन् । दुई सातासम्म खोजी गर्दा पनि बेपत्ता भएकाहरू नभेटिएपछि आफन्त घर फर्किन थालेका हुन् । आफन्तहरू धरालीबाट एक दिन पैदल हिँडेरै उत्तरकाशीसम्म र त्यहाँबाट बसमा आउने तयारीसहित हिँडेका हुन् ।

‘दुई सातासम्म बगरमा डुल्दा-डुल्दा केही भेटिएन, अब भेटिने सम्भावना पनि छैन,’ जाजरकोटको कुशे गाउँपालिका-२ तालीगाउँका गणेशबहादुर सिंहले भने, ‘बगरमा न खाने ठेगान छ, न बस्ने नै, अब घर गएर किरिया गर्छौं ।’ उनी धरालीमै काम गर्ने कान्छा भाइ सुरेन्द्र र ज्वाइँ नाता पर्ने भूपेन्द्र शाहीसँगै घर फर्किन थालेका हुन् ।

सिंहका दाइ कर्णबहादुर धरालीको बाढीमा परेर बेपत्ता भएका छन् । आमाको उपचारका लागि धराली पुगेका कर्णबहादुर बाढीमा परेर बेपत्ता भएका हुन् । उनले आमालाई पनि सँगै लगेका थिए । आमालाई उत्तरकाशी नजिकै मामाको डेरामा राखेर उपचार गराइरहेका कर्ण रोजगारीका लागि धराली गएका थिए ।

बुधबार बिहान हर्षिल क्षेत्रबाट पैदल हिँडेर दिउँसो उत्तरकाशी पुगेको उनले बताए । उनका अनुसार धराली बाढीमा बेपत्ता भएका रामबहादुर सिंह, निमबहादुर सिंह र रोबिन सिंहका आफन्त पनि घर फर्किन लागेका छन् । उनीहरू भने धरालीबाट ढिलो हिँडेका कारण अबेर साँझसम्म उत्तरकाशी पुगेर बिहीबार बिहान बस चढेको सिंहले बताए ।

धरालीको बाढीमा परेर २१ जना नेपाली बेपत्ता छन् । जसमध्ये सिंहको गाउँका मात्रै ५ जना बेपत्ता छन् । बेपत्ता भएकामध्ये मानबहादुरका आफन्त भने अहिले पनि धरालीमै रहेको र उनीहरू तत्काल नफर्किने जानकारी पाएको उनले बताए ।

‘अहिले खोजी कार्य पनि सुस्त भइसकेको छ, त्यहाँ भएका धेरै नेपालीहरू घर फर्किसकेका छन्,’ सिंहले भने, ‘अब बेपत्ता हुने त भइसके, जीवित भेटिने सम्भावना छैन, उनीहरूको किरिया पनि गर्नुपर्‍यो ।’ उनले दाइका छोराहरू सानै भएकाले आफैं किरिया गर्ने गरी घर फर्केका हुन् । ‘अब यो बगरमा जति डुले पनि बेपत्ता भेटिने सम्भावना छैन,’ कैलाली टीकापुरका प्रकाश बुढाले भने, ‘हामी पनि हरिद्वार गएर किरिया गर्ने तयारीमा छौं ।’ उनले किरियाका लागि घरबाट पनि आफन्त बोलाएका छन् । घरबाट बिहीबार बिहान हिँड्ने र आफु पनि बिहीबार नै हिँडेपछि शुक्रबारसम्म हरिद्वार पुग्ने योजना रहेको उनले बताए । त्यसपछि हरिद्वारमै किरिया गरेर घर फर्किने उनले बताए ।

बुढाका भाइ रमेश र बुहारी प्रिया बेपत्ता छन् । उनीहरू चार महिनाअघि रोजगारीका लागि धराली पुगेका थिए । रोजगारीका लागि उक्त क्षेत्रमा अधिकांश नेपालीहरू परिवारसहित जाने गरेका छन् । दुई साताअघि उत्तरकाशी जिल्लाको हर्षिल क्षेत्रमा ‘क्लाउड बर्स्ट’ पछि खीरगंगा नदीमा आएको भीषण बाढीले धराली बजार बगरमा परिणत भएको छ । बाढीले बगाएर ल्याएको गेग्रानले ३०/३५ फिटसम्म पटान गरेको छ । सोही बाढीमा परेर २१ जना नेपाली बेपत्ता रहेको दिल्लीस्थित नेपाली दूतावासले जनाएको छ । यद्यपि हालसम्म पनि बेपत्ता नेपालीको पूर्ण विवरण भने संकलन भइनसकेको दूतावासले जनाएको छ ।

उत्तराखण्डको राज्य आपतकालीन परिचालन केन्द्रका अनुसार उक्त बाढीमा परेर ६८ जना बेपत्ता भएका छन् । उक्त क्षेत्रबाट १३ सय बढीलाई हेलिकप्टरबाट उद्धार गरिएको छ । अहिले पनि खोज र उद्धारका काम चलिरहेको केन्द्रले जनाएको छ ।

गंगोत्री मार्गमा पर्ने धराली बजारमा बाढी आउनुभन्दा अगाडि निकै चहलपहल हुन्थ्यो । यहाँ होटलमा काम गर्नेदेखि स्याउ टिप्ने र विभिन्न किसिमका विकास निर्माण क्षेत्रमा काम गर्नका लागि नेपालीहरू धराली पुग्ने गरेका हुन् । कतिपयले जमिन भाडामा लिएर तरकारी खेती समेत गरिरहेका छन् ।

अहिले पनि चार/पाँच परिवार जमिन भाडामा लिएर खेती गरिरहेका छन् । धरालीमा भीषण बाढी आएपछि गंगोत्री यात्रा पनि बन्द गरिएको छ । गंगोत्री यात्रा वैशाख/जेठदेखि असोज/कार्तिकसम्म चल्ने गर्छ । हर्षिल क्षेत्रमा बाढी र पहिराले सडक भत्काएपछि यात्रा अवरुद्ध भएको हो ।

धराली र गंगोत्रीमा मजदुरीका लागि गएका नेपालीहरू बेरोजगार भएपछि घर फर्किसकेका छन् । बेपत्ताका आफन्तहरू भने हालसम्म खोजीमै लागेपछि अब भने भेटिने आस मारेर घर फर्किन लागेका हुन् ।

‘यहाँ भएका सबै नेपाली घर फर्किसकेका छन्, जसले जमिन भाडामा लिएर तरकारी खेती गरेका छन्, उनी मात्रै बाँकी छन्,’ कैलाली टीकापुरका बुढाले भने, ‘बेपत्ता भएकाहरूका आफन्त हालसम्म भेटिने आसमा बसेका थिए, अब उनीहरू पनि फर्किन लागेका छन् ।’ उनका अनुसार बेपत्ताका केही आफन्त बुधबार फर्केका थिए भने बाँकी बिहीबार फर्किरहेका छन् । बाढीमा परेर अलपत्र परेका उनीहरू खर्च अभावका कारण पनि समस्यामा परेका छन् ।


## इ-सिगरेट प्रयोग नगरौं, सुरक्षित र स्वस्थ्य रहौं ।

इलेक्ट्रोनिक सिगरेट वा भेपिङ्ग पनि चुरोट वा अन्य सुर्तीजन्य पदार्थ जस्तै स्वास्थ्यको लागि हानिकारक हुन्छ

त्यसैले:

- इ-सिगरेटले निकोटिनको लत बढाउँछ,
- यसले फोक्सोको रोगका साथै स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ,
- धेरैजसो इ-सिगरेटमा विषालु रसायनहरू हुन्छन्,
- इ-सिगरेट सुरक्षित विकल्प नभई स्वास्थ्यका लागि हानिकारक हुन्छ,
- स्वस्थ जीवनका लागि धूम्रपान र इ-सिगरेट दुवैबाट टाढा बसौ,

स्वस्थ बनौं हानिकारक वस्तुबाट टाढै रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


सुदुरपश्चिम विश्वविद्यालय
**मानविकी तथा सामाजिकशास्त्र संकाय**
डीनको कार्यालय

## स्नातक तहको प्रवेश परीक्षा र भर्ना सम्बन्धि सूचना।

मिति: २०८२/०४/२१

सुदुरपश्चिम विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातक तह तर्फ Bachelor of Arts (BA) र Bachelor of Computer Application (BCA) शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र २०८२/०८३ का लागि विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र केन्द्रीय विभाग र तोकिएका शैक्षिक कार्यक्रमको स्वीकृति प्राप्त विश्वविद्यालयका आंगिक क्याम्पसहरूमा नयाँ विद्यार्थी भर्नाका लागि निम्नानुसारको भर्ना कार्यक्रम निर्धारण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ ।

| शैक्षिक कार्यक्रम | BA | BCA |
|---|---|---|
| प्रवेश परीक्षा फाराम वितरण | २०८२ श्रावण २१ गतेदेखि | २०८२ श्रावण २१ गतेदेखि |
| प्रवेश परीक्षा फाराम बफाउने अन्तिम मिति | २०८२ भाद्र ३१ गतेसम्म | २०८२ भाद्र २७ गतेसम्म |
| प्रवेश परीक्षा सञ्चालन हुने मिति र समय | २०८२ असोज २ गते विहान ११:३० बजेदेखि | २०८२ भाद्र ३० गते विहान ११:३० बजेदेखि |
| प्रवेश परीक्षा आवेदन शुल्क | रु. १०००।- | रु. १५००।- |
| प्रवेश परीक्षाको नतिजा प्रकाशन | २०८२ असोज ३ गते | २०८२ असोज १ गते |
| भर्ना अवधि | BCA शैक्षिक कार्यक्रमको हकमा प्रवेश परीक्षाको नतिजामा उल्लेख भए अनुसार र BA शैक्षिक कार्यक्रमको हकमा २०८२ कार्तिक १६ गतेसम्म | |
| अभिमुखीकरण कार्यक्रम | २०८२ कार्तिक १२ गतेदेखि १६ गतेसम्म सम्बन्धित विभाग क्याम्पसले तोकेको मितिमा | |
| कक्षा सञ्चालन | २०८२ कार्तिक १७ गतेदेखि | |
| भर्नाका लागि न्यूनतम शैक्षिक योग्यता | BCA शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा D ग्रेड सहित न्यूनतम १.८ CGPA प्राप्त गरेको (तर राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पूर्वको नतिजा अनुसार C ग्रेड सहित न्यूनतम २ CGPA प्राप्त गरेको), प्रविणता प्रमाणपत्र तहको हकमा न्यूनतम द्वितीय श्रेणीको अंक प्राप्त गरेको । BA शैक्षिक कार्यक्रमका लागि कक्षा १२ वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । | |

*पुनश्च : कक्षा १२ को पुरक परीक्षामा सहभागी हुने विद्यार्थीहरू समेत भर्नाको समयमा न्युनतम शैक्षिक योग्यता पुगेको प्रमाणपत्र पेश गर्ने सर्तमा BA शैक्षिक कार्यक्रम अन्तर्गत प्रवेश परीक्षामा सहभागी हुन सक्नेछन् । थप जानकारीका लागि मानविकी तथा सामाजिकशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर/विश्वविद्यालयका आंगिक क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ ।*

**प्रा. डा. राजेन्द्र प्रसाद भट्ट**
**डीन**

## सुदुरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पस व्यवस्थापन विभागको प्रवेश परीक्षा सम्बन्धी सुचना

*मिति : २०८२/०४/१८*

सुदुरपश्चिम विश्वविद्यालयको केंद्रीय क्याम्पस व्यवस्थापन केन्द्रीय विभागमा स्नातक तहका (BBA , BHM र BBS) शैक्षिक कार्यक्रमहरुमा शैक्षिक शत्र २०८२/०८३ मा नयाँ विद्यार्थी भर्नाका लागि सञ्चालन हुने प्रवेश परीक्षाको कार्यक्रम निम्नानुसार रहेको सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| शैक्षिक कार्यक्रम | आवेदन फाराम वितरण | आवेदन फाराम बुझाउने अन्तिम मिति | प्रवेश परीक्षा सञ्चालन हुने मिति र समय |
|---|---|---|---|
| BBA | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २५ गतेसम्म | २०८२ भाद्र २८ गते विहान ८:०० बजे |
| BHM | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २७ गतेसम्म | २०८२ भाद्र २८ गते विहान ११:०० बजे |
| BBS | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २७ गतेसम्म | २०८२ भाद्र २८ गते विहान ११:०० बजे |
| भर्नाका लागि न्युनतम शैक्षिक योग्यता | BBA र BHM शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा कम्तीमा D ग्रेड सहित न्युनतम 1.8 CGPA प्राप्त गरेको । (तर राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पुर्वको नतिजा अनुसार कक्षा ११ र १२ का प्रत्येक विषयमा कम्तीमा D+ ग्रेड सहित न्युनतम 1.8 CGPA ल्याएको),प्रविणता प्रमाणपत्र तहको हकमा न्युनतम द्वितीय श्रेणीको अंक प्राप्त गरेको र BBS शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा न्युनतम D ग्रेड ल्याएको (राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पुर्वको नतिजा अनुसार कक्षा ११ र १२ का प्रत्येक विषयमा न्युनतम D+ ग्रेड ल्याएको) वा न्युनतम द्वितीय श्रेणीमा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरेको हुनुपर्ने छ । | | |
| प्रश्नपत्रको सरचना | १०० पूर्णाङ्क, समय : १ घण्टा ३० मिनेट र Verbal Ability,Quantitative Ability, General Awareness, Logical Reasoning,Business and Economics सम्बन्धी १०० वटा वस्तुगत प्रश्नहरु । | | |

*नोट : BBA र BHM का हकमा रु १५०० र BBS का हकमा रु ५०० प्रवेश परीक्षा शुल्क नेपाल बैंक लि मा रहेको यस विभागको खा न 15600106688945000001 मा जम्मा गर्नुपर्ने छ । कक्षा १२ को परीक्षाको नतिजाको प्रतिक्षामा रहेका विद्यार्थीहरु समेत भर्नाको समयमा न्युनतम शैक्षिक योग्यता पुगेको प्रमाणपत्र पेश गर्ने सर्तमा प्रवेश परीक्षामा सहभागी हुन सक्नेछन् । प्रवेश परीक्षा र भर्ना सम्बन्धी थप जानकारीको लागि व्यवस्थापन केन्द्रीय विभाग महेन्द्रनगरमा सम्पर्क गर्न सकिनेछ ।*

...........................
विभागीय प्रमुख
व्यवस्थापन केन्द्रीय विभाग
सु.प.वि. महेन्द्रनगर






मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७